# चन्दननाथ नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### जुम्ला, कर्णाली प्रदेश

# प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सार्वजनिक सूचना

**(प्रकाशित मितिः २०८३/०३/०४)**

कर्णाली प्रदेश जुम्ला जिल्ला चन्दननाथ नगरपालिकाको क्षेत्राधिकार भित्र बग्ने तिला नदीबाट दीगो रुपमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन् तथा सङ्कलन प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी कार्यका लागि तपसिल अनुसारको प्रस्ताव गरिएको छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जुम्ला, कर्णाली प्रदेश |
| **प्रस्तावकको व्यहोरा** | चन्दननाथ नगरपालिकाको क्षेत्राधिकार भित्र बग्ने तिला नदीबाट दीगो रुपमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी तथा बालुवा) उत्खनन् तथा सङ्कलन प्रयोजनार्थ प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी । |
| **प्रभाव क्षेत्र** | चन्दननाथ नगरपालिकाको तिला नदीको तटिय क्षेत्र आसपास |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको जैविक तथा पारिस्थितिकीय प्रणाली, प्राकृतिक तथा भौतिक प्रणाली, सामाजिक तथा आर्थिक प्रणाली र साँस्कृतिक प्रणालीहरु बीच के कस्तो सकारात्मक तथा नकारात्मक प्रभाव पर्दछ भनी यकिन गर्न प्रभाव पर्न सक्ने क्षेत्र का विद्यालय, स्वास्थ्य संस्था, तथा सरोकारवाला व्यक्ति वा संस्थाहरुको राय सुझाव लिन आवश्यक भएकाले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र देहायमा उल्लेखित ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | चन्दननाथ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय<br>जुम्ला, कर्णाली प्रदेश<br>टेलिफोन नं.: ०८७-५२००११, Website: https://chandannathmun.gov.np/<br>ईमेलः cmjumla@gmail.com |
| **परामर्शदाता नाम र ठेगाना** | प्वाइन्ट कन्सलटिङ ईन्जिनियर्स एण्ड डिजाइनर्स प्रा. लि.<br>काठमाडौँ महानगरपालिका वडा नं. १०, बिभुतीमार्ग, बुद्धनगर<br>फोन नं.: ९८४२७८८८५४, Website: https://pced.com.np/<br>ईमेलः info@pced.com.np |

**प्रमुख प्रशासकीय अधिकृत**